**आकाशवाणी समाचार- नेपाली**

मितिः ०५ अप्रेल २०२४

समयः १५:४५ – १५:५५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. भारतीय जनता पार्टी (भाजपा) का वरिष्ठ नेता एवं प्रधानमन्त्री नरेन्द्र मोदीले सिङ्गो देश विकसित राष्ट्र बन्नका लागि काम गरिरहेको बताउनु भएको छ ।

२. सर्वोच्च न्यायालयले यूपी मदरसा शिक्षा बोर्ड अधिनियम-२००४ लाई असंवैधानिक र धर्मनिरपेक्षताको बिरुद्ध रहेको बताउने इलाहाबाद उच्च न्यायालयको फैसला माथी रोक लगाएको छ स

३. भारतीय रिजर्व बैंक (आरबीआई)ले चाडैनै यूपीआईको माध्यमबाट कैश डिपह्जिट को सुविधा शुरू गर्ने तयारी गरिरहेको छ ।

४. जर्मन ओपन स्क्वासका राष्ट्रिय च्याम्पियन भेलावन सेन्थिल कुमार २दाँ ले क्वाटरफाइनलमा प्रवेश गरेका छन् ।

**प्रधानमंत्री नरेंद्र मोदी - विकसित राष्ट्र**

भारतीय जनता पार्टी (भाजपा) का वरिष्ठ नेता एवं प्रधानमन्त्री नरेन्द्र मोदीले सिङ्गो देश विकसित राष्ट्र बन्नका लागि काम गरिरहेको बताउनु भएको छ। उहाले भन्नुभएको छ -विगत १० वर्षमा केन्द्र सरकारले दशकौं देखि थाँतीमा रहेका आम जनताका आधारभूत आवश्यकताहरू पूरा गरेको छ। राजस्थानको शेखावाटी क्षेत्रको चुरुमा आयोजित जनसभालाई सम्बोधन गर्दै उहाले विकसित भारतको जग विगत १० वर्षमा बसालिएको बताउनु भएको छ । उहाले अझ भन्नुभयो -आज सम्पूर्ण विश्व आश्चर्यचकित छ कि भारत कसरी यति छिटो प्रगति गरिरहेको छ। उहाले सत्तामा आएपछि आफ्नो सरकारले इमान्दारीपूर्वक काम गरेकोले देश तीव्र गतिमा अघि बढिरहेको बताउनु भएको छ। उहाले योजनाहरूको उल्लेख गर्नुहुदै प्रत्येक परिवारलाई आवास र शौचालय तथा स्वच्छ पिउने पानीको सुनिश्चितताको लागि मिशन मोडमा काम गरिरहेको बताउनुभएको छ। उहाले भारत विश्वको पाँचौं ठूलो अर्थव्यवस्था बन्न सफल बनेको बताउनुभएको छ ।

****** ० ******

**सर्वोच्च न्यायालय - यूपी मदरसा**

सर्वोच्च न्यायालयले यूपी मदरसा शिक्षा बोर्ड अधिनियम-2004 लाई असंवैधानिक र धर्मनिरपेक्षताको बिरुद्ध रहेको बताउने इलाहाबाद उच्च न्यायालयको फैसला माथी रोक लगाएको छ 1 भारतका मुख्य न्यायाधीश डीवाई चन्द्रचूडको अध्यक्षतामा रहेको तीन न्यायाधीशको पीठले उच्च न्यायलयको फैसलालाई चुनौती दिने याचिकामा केन्द्र र उत्तर प्रदेश सरकारलाई नोटिस जारी गरेको हो।

****** ० ******

**भारतीय रिजर्व बैंक यूपीआई**

भारतीय रिजर्व बैंक (आरबीआई)ले चाडैनै यूपीआईको माध्यमबाट कैश डिपॉजिट को सुविधा शुरू गर्ने तयारी गरिरहेको छ। हाल, यूपीआई पैसा झिक्न र स्थानान्तरण गर्न प्रयोग गरिन्छ। आरबीआईका गभर्नर शक्तिकान्त दासले भन्नुभएको छ - यो सुविधाले उपभोक्ताहरूलाई नगद जम्मा गर्न सजिलो बनाउनेछ l जसले बैंकहरूको नगद लेनदेन प्रक्रियालाई थप सक्षम बनाउनेछ। आर.बी.आईले प्रिपेड पेमेन्ट माध्यम पी.पी.आई वालेट.मार्फत यू.पी.आई भुक्तानीका लागि थर्ड पार्टी यू.पी.आई एप्लिकेसनको प्रयोग गर्ने प्रस्ताव गरेको छ। यसले ग्राहकको सुविधा बढाउनुका साथै साना तिना कारोबारका लागि डिजिटल भुक्तानीलाई बढावा दिनेछ।

****** ० ******

**रिजर्व बैंक- मौद्रिक नीति समिति**

रिजर्व बैंकको मौद्रिक नीति समितिले लगातार सातौ पटक रेपो दर यथावत राखेको छ l भारतीय रिजर्व बैंकका गवर्नर शक्तिकांत दासले द्वयमासिक मौद्रिक नीतिमा रेपो दर ६.५ प्रतिशतमा यथावत राखिएको को जानकारी दिनुभएको छ l सकल घरेलू उत्पाद (जीडीपी)को महंगाई दर 7 प्रतिशत र खुदरा महंगाई दर चालू वित्त वर्षमा 4.5 प्रतिशत रहने सम्भावना रहेको छ। 29 मार्च, 2024 सम्म , भारतको विदेशी मुद्रा भंडार 645.6 बिलियन डॉलरको सर्वकालिक उच्च स्तरमा पुगेको छ l आरबीआई गवर्नरले अझ भन्नुभएको छ - यस बर्ष वैश्विक व्यापारमा सुधारको आशा गरिएको छ तर यो औसत भन्दा कम रहनेछ l उहाले - घरेलू स्तरमा ग्रामीण मांग बढी रहेको छ , असंगठित क्षेत्र में सुधार भैरहेको छ र निवेश अधिक रहेको बताउनु भएको छ l

****** ० ******

**कांग्रेस घोषणा पत्र**

कांग्रेस पार्टीले लोकसभा चुनावका लागि आफ्नो घोषणापत्र जारी गरेको छ। पार्टी अध्यक्ष मल्लिकार्जुन खड़गे, वरिष्ठ नेता सोनिया गान्धी र राहुल गान्धीले आज नयाँ दिल्लीमा जारी गरेको घोषणापत्रमा न्यूनतम ज्याला प्रति दिन ४०० रुपिया , गरिब परिवारलाई वार्षिक एक लाख रुपिया , केन्द्रीय सरकारी नोकरीमा महिलाहरुका लागि ५० प्रतिशत आरक्षणको व्यवस्था गरिएको छ। न्यूनतम समर्थन मूल्यको कानुनी प्रत्याभूति र राष्ट्रिय स्तरमा जातीय जनगणनाको वाचा सामेल रहेको छ । कंग्रेसले आगामी दशकमा २३ करोड मानिसको जीवनस्तरमा सुधार ल्याउने प्रतिबद्धता पनि व्यक्त गरेको छ।

****** ० ******

**आम आदमी पार्टी**

आम आदमी पार्टीले दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई षडयन्त्र अन्तर्गत जेल चलान गरिएको आरोप लगाएको छ। आम आदमी पार्टीका नेता सञ्जय सिंहले सांसद मगुन्था रेड्डीलाई केजरीवाल विरुद्ध झुटो बयान दिन भनिएको र केजरीवालले नमानेपछि उनका छोरा राघव रेड्डीलाई पक्राउ गरिएको आरोप लगानु भएको छ ।

****** ० ******

**विश्वविद्यालय अनुदान आयोग**

विश्वविद्यालय अनुदान आयोग (यूजीसी) ले सबै उच्च शैक्षिक संस्थाहरूलाई टोल-फ्री मानसिक हेल्पलाइनको बारेमा विद्यार्थीहरूमा जागरूकता सिर्जना गर्न निर्देश दिएको छ। आयोगले सबै विश्वविद्यालयका उपकुलपति र कलेजका प्राचार्यहरुलाई पत्रचार गर्दै स्वास्थ्य मन्त्रालयको टेलिमानस मेन्टल हेल्थ हेल्पलाइनले प्रशंसनीय काम गरिरहेको तथ्यबारे जनतालाई सचेत गराउन आग्रह गरेको छ। आयोगले उच्च शैक्षिक संस्थानहरुलाई यसको व्यापक प्रचारप्रसार गर्न भनेको छ। टेलिम्यानको हेल्पलाइन २४ सै घण्टा निःशुल्क उपलब्ध छ। स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सन् २०२२ मा विश्व मानसिक स्वास्थ्य दिवसको अवसरमा यसको शुरुवात गरेका थिए ।

****** ० ******

**राष्ट्रीय स्वयंसेवक संघ**

राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) का प्रमुख मोहन भागवत अहिले मध्य प्रदेशको भ्रमणमा हुनुहुन्छ । उहाले आज बिहान खाँदवा जिल्लाको प्रसिद्ध तीर्थस्थल ओमकारेश्वरको भ्रमण गर्नुभयो । उहाले कडा सुरक्षा व्यवस्थाबीच लगभग १० मिनेट

सम्म यहाँ प्रार्थना गर्नुभयो । उहाले ओमकारेश्वरमा माता नर्मदाको पनि पूजा गर्नुभयो ।मन्दिर ट्रस्टका प्रशासक पण्डित आशिष दीक्षित अनुसार, श्री श्री रविशंकरको आश्रममा आमा नर्मदाको स्वच्छता र शुद्धताको बारेमा विभिन्न संस्थाका अधिकारी र स्वयंसेवकहरूसँग चर्चा गर्नुभयो ।

****** ० ******

**कर्नाटक -निर्वाचन साक्षरता क्लब**

कर्नाटकमा, इलेक्टोरल लिटरेसी क्लबहरूले चुनावी सहभागितासँग सम्बन्धित साक्षरतालाई बढावा दिन अभियान चलाएका छन् । व्यवस्थित मतदाता शिक्षा र चुनावी सहभागिता–स्वीप कार्यक्रमको उद्देश्य चुनावी सहभागितालाई जोड दिनु हो । आकाशवाणीलाई  दिएको एक विशेष अन्तर्वार्तामा एस.वी.ई.ई.पी.का नोडल अफिसर आरपीएस वस्त्राडले राज्यका २५ हजार इलेक्टोरल लिटरेसी क्लबहरूले विभिन्न प्रतियोगिताहरू.मार्फत युवाहरूलाई शिक्षित गरेको बताउनु भएको छ ।

****** ० ******

**मौसम**

भारतीय मौसम विज्ञान विभागको गुवाहाटी स्थित क्षेत्रीय कार्यालय र  नागाल्याण्ड राज्य आपदा प्रबन्धन  प्राधिकरणले नागाल्याण्डका लागि मौसम चेतावनी जारी गर्दै आगामी १६ अप्रेल सम्म भारी बर्षा सहित चट्यांग र तिब्र गतिमा हावा चल्ने जानकारी दिएका छन् ।

****** ० ******

**जर्मन ओपन स्क्वाश**

जर्मन ओपन स्क्वासका राष्ट्रिय च्याम्पियन भेलावन सेन्थिल कुमार ३–१ ले क्वाटरफाइनलमा प्रवेश गरेका छन् । सेन्थिल कुमारले इंग्ल्यान्डका आठ वरीयताका जर्ज पार्करलाई ११–५, ११–८, ९–११, ११–९ ले पराजित गरेका छन् । सन् २०२३ को एसियाई  एकल रजत पदक विजेता सेन्थिल कुमारले ६१ मिनेटमा उत्कृष्ट प्रदर्शन गरे । क्वाटर फाइनलमा भेलाभानले विश्व नम्बर चार मलेसियाका इयान योउ एनजीसँग प्रतिस्पर्धा गर्नेछन् ।

****** ० ******